# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।१० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

---

जिल्ला गोरखा स्थित बेनिघाट-आरुघाट-लार्केभञ्याङ सडकको दर्बुङ –घ्याल्चोक खण्डमा आ.व.२०६५।०६६ को बजेटमा सडक निर्माणमा जिल्ला विकास समिति गोरखाबाट सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण कार्यको लागि दिएको रकम भुक्तानीमा अनियमितता गरेको भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुदाँ सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष श्री संतोष के.सी.ले जिल्ला विकास समितिको कार्यालय,गोरखासंग गरेको सम्झौताका शर्तहरु पालना नगरी जिल्ला विकास समितिको कार्यालयबाट सडक निर्माण प्रयोजनका लागि रु.२१,७६,६९६।– (एकाईस लाख छैहत्तर हजार छ सय छयानब्बे रुपैंया) भुक्तानी लिएकोमा भुक्तानी लिए बमोजिमको काम सम्पन्न नगरी सो उपभोक्ता समितिको राष्ट्रिय वाणिज्य बैंक गोरखा शाखाको ब.हि.न. २९३७ मा हाल मौज्दात रकम रु.११,५३,६४५।–( एघार लाख त्रिपन्न हजार छ सय पैंतालिस रुपैंया) घटाई बाकी रकम रु.१०,२३,०५१।- (दश लाख तेईस हजार एकाउन्न रुपैंया) वदनियतसाथ जिल्ला विकास समितिको कार्यालय गोरखालाई गैरकानुनी तवरबाट हानी नोक्सानी र आफू अध्यक्ष रहेको उपभोक्ता समितिलाई गैरकानुनी लाभ पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज उपभोक्ता समितिका अध्यक्ष श्री संतोष के.सी उपर विगो रू.१०,२३,०५१।– (दश लाख तेईस हजार एकाउन्न रुपैंया) कायम गरी सोहि ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसुरको मात्रा अनुसार कैद र विगो बमोजिम जरिवाना सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी